निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति:२०७७।०९।१६

काठमाडौं, पुस १६ गते ।

नेपाल सरकारबाट सम्वत् २०७८ बैशाख १७ गते शुक्रबार पहिलो चरण र ऐ. २७ गते सोमबार दोस्रो चरणमा प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति घोषणा भइसकेको छ । मतदाता नामावली ऐन, २०७३ अनुसार निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन भन्ने व्यवस्था भए बमोजिम सम्बत् २०७७ पुस ६ गतेबाट मतदाता नामावली दर्ता कार्य स्थगन गरिएको छ । यसैगरी सोही ऐन बमोजिम आयोगबाट मतदाता नामावलीमा नाम दर्ता भई सम्बत् २०७७ पुस ५ गतेसम्म १८ वर्ष उमेर पुरा भएको हुनुपर्ने गरी तोकिसकेको छ । तसर्थ, आयोगले उक्त मितिमा १८ वर्ष उमेर पुग्ने व्यक्तिहरूको मतदाता नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गर्नको लागि सम्बत् २०७७ माघ १५ देखि ऐ. २१ गतेसम्म सबै स्थानीय तहको केन्द्रमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्दैछ ।

उक्त कार्यक्रम सञ्चालनको अवधिभित्र सम्बन्धित स्थानीय तहको केन्द्रमा गई मतदाता नामावलीमा समावेश भएको आफ्नो विवरणमा रहेको त्रुटि सच्याउन निवेदन दिने, मृत्यु भएका वा बसाइसरी गएका वा दोहोरो नाम रहेका मतदाताको नाम हटाउन सूचना दिने तथा झुट्टा विवरण दिई कोही कसैले मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरुद्धमा उजुरी दिनका लागि सम्पूर्ण मतदातामा निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ । साथै सबै स्थानीय तह, राजनीतिक दल, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण सरोकारवालाहरूलाई मतदाता नामावली अद्यावधिक कार्यक्रम सफलापूर्वक सम्पन्न गर्न गराउन आवश्यक सहयोग गरिदिनुहुन समेत आयोग हार्दिक अपिल गर्दछ ।

०७७।९।१६

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np